प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## डिप्लोमा/प्रमाणपत्र तह तथा प्रि-डिप्लोमा तहको विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको रजिष्ट्रेशन फाराम भर्ने बारेको अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०७८।०८।२४ गते)

नेपाल सरकारको बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम अन्तर्गत यस परिषद्का आंगिक र साझेदारी स्तरमा कार्यक्रम सञ्चालनको सम्बन्धन स्वीकृती पाएका शिक्षण संस्थाहरुमा डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको शैक्षिक सत्र २०७७/७८ का लागि लिइएको **विशेष प्राविधिक शिक्षा छात्रवृत्ति**को भर्ना अनुमति प्रकृयामा सिफारिश भई भर्ना भएका विद्यार्थीहरुको विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको रजिष्ट्रेशन फाराम प्रक्रिया पुऱ्याई परिषद्को **परीक्षा नियन्त्रण कार्यालयमा** बुझाउनु हुन सम्बन्धित सम्पूर्ण शिक्षण संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समय भित्र रजिष्ट्रेशन फाराम नबुझाएमा पछि रजिष्ट्रेशन नहुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ।

शर्तहरु:

१. परीक्षा नियन्त्रण कार्यालयबाट २०७८ साल असार महिनामा सिफारिश गरिए अनुसार डिप्लोमा/प्रमाणपत्र तह र प्रि-डिप्लोमा तहको विशेष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुको मात्र रजिष्ट्रेशन फाराम भराउनु पर्नेछ।

२. परिषद्बाट स्वीकृत कोटा अनुसारको मात्र विद्यार्थी संख्या हुनु पर्नेछ।

३. डिप्लोमा/प्रमाणपत्र तहको लागि शिक्षण संस्थाले रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. २,५००।- र संस्थागत विकास शुल्क प्रति बिद्यार्थी रु. २,०००।- रकम जम्मा गर्नुपर्नेछ।

४. प्रि-डिप्लोमा तह (प्राविधिक एस.एल.सी तहको लागि शिक्षण संस्थाले (रजिष्ट्रेशन शुल्क प्रति विद्यार्थी रु. ५००।- र संस्थागत विकास शुल्क प्रति बिद्यार्थी शुल्क रु. २,०००।- रकम जम्मा गर्नुपर्नेछ।

५. रजिष्ट्रेशन फाराम परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट www.ctevtexam.org.np मा उपलब्ध हुने छ। रजिष्ट्रेशन फाइलका साथ देहाय बमोजिमको कागजातहरु अनिवार्यमा रुपमा संलग्न भएको हुनुपर्नेछ।

   क) रजिष्ट्रेशन फाराम साथ प्रवेश परीक्षाको नतिजाको प्रमाणित प्रतिलिपी

   ख) शैक्षिक योग्यताको प्रमाणपत्रहरु (SLC/SEE) को प्रतिलिपी

   ग) नागरिकता/जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी

   घ) प्रवेश परीक्षाको **प्रवेश पत्रको सक्कलप्रति** साथै प्राविधिक एस.एल.सी.उत्तीर्ण गरेका विद्यार्थीहरुको हकमा प्राविधिक एस. एल. सी. उत्तीर्ण गरेको मुल प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रतिलिपी

   ङ) नेपाल बाहेक अन्य मुलुकबाट एस ई ई वा सो सरह उत्तीर्ण हुनेहरुको हकमा बोर्डको प्रमाण पत्र, लब्धांकपत्र, चारित्रिक प्रमाण पत्र, माईग्रेसन प्रमाण पत्र, समकक्षता प्रमाण पत्र र नागरिकताको प्रतिलिपी क्रमैसंग पेश हुनु पर्नेछ।

   च) कुनै एक शिक्षण संस्थाबाट प्रवेश परीक्षा उत्तीर्ण गरी अर्को शिक्षण संस्थाको कुनै पनि कार्यक्रममा भर्ना भएका प्रशिक्षार्थीहरुको हकमा प्रवेश परीक्षा उत्तीर्ण गरेको नतिजाको फोटोकपी, प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र र सम्बन्धित शिक्षण संस्थाको सहमती पत्र अनिवार्य रुपले फाराम साथ पेश गर्नुपर्नेछ।

६. रजिष्ट्रेशन फारामहरु Web based online system मा registration form entry गरी फारामहरु समष्टिगत अनुसार मिलाई Plastic Coated Index File मा फाईल गरी पेश गर्नु पर्नेछ। कार्यक्रम अनुसारको समष्टिगत फाराम Print गरी सहि छाप लगाई एक प्रति सोहि फाईलमा संलग्न हुनु पर्नेछ।

७. शिक्षण संस्थाहरुले विद्यार्थी भर्ना गर्दा प्रा.शि.तथा व्या.ता.परिषद्, परीक्षा नियन्त्रण कार्यालय, डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका-२०७४ (चौथो संशोधन) र प्रि-डिप्लोमा तहको प्रवेश परीक्षा सञ्चालन, छात्रवृत्ति वितरण एवं भर्ना सम्बन्धी निर्देशिका-२०७७ (पहिलो संशोधन)अनुसार गरेको हुनु पर्नेछ।

८. शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फाराम तथा रजिष्ट्रेशन शुल्क बुझाउने मितिः -

   - प्रशिक्षार्थीहरुले सम्बन्धित शिक्षण संस्थामा रजिष्ट्रेशन फाराम बुझाउने मिति : २०७८।०८।२४ देखि २०७८।०९।१५ सम्म
   - शिक्षण संस्थाले ITMS मा online Registration Entry गर्ने मिति : २०७८।०९।०५ देखि २०७८।०९।१५ सम्म
   - शिक्षण संस्थाहरुले रजिष्ट्रेशन शुल्क बैंक दाखिला गर्ने अन्तिम मिति : २०७८।०९।१६ सम्म
   - शिक्षण संस्थाहरुले रजिष्ट्रेशन फाराम, शुल्क बुझाएको भौचर सहित विद्यार्थीहरुको विवरण परिषद्को सम्वन्धित प्रदेश कार्यालयमा मिति २०७८।०९।१८ गते कार्यालय समय भित्र अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

९. अन्य विस्तृत जानकारीको लागि परीक्षा नियन्त्रण कार्यालयको वेवसाइट www.ctevtexam.org.np वा परीक्षा नियन्त्रण कार्यालय वा परिषद्का सम्बन्धित प्रदेश कार्यालयमा सम्पर्क राख्नु होला।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**